नेपाल सरकार
अर्थ मन्त्रालय
# सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र
ललितपुर

फोनः ०१५०१०३०६

## लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति :२०७८/०७/२२**

यस तालिम केन्द्रको परिसरमा रहेको अस्थायी जस्तापाताको टहरोका देहाय अनुसारका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले निम्नलिखित शर्तहरुको अधिनमा रहने गरी शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | सामानको विवरण | परिमाण | इकाई | न्यूनतम मूल्य |
|---|---|---|---|---|
| १. | M.S. Black pipe roof truss | ७८५.६२ | के.जी. | ७७,६०७.०५ |
| २. | 0.41 mm CGI sheet roofing | १९३.१० | ब.मी. | १,०७,७५६.५८ |

**शर्तहरु :**

१। बोलपत्र फाराम दस्तुर बापत् रु. १,०००/- (एक हजार) मात्र (पछि फिर्ता नहुने गरी) निम्न खातामा जम्मा गरेको राजस्व भौचर पेश गरी सूचना प्रकाशित मितिले सातौं दिनको कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गरि आठौं दिनको १२ बजेभित्र यस तालिम केन्द्रमा दर्ता गरिसक्नु पर्नेछ ।

**तपसिल :**

खाता रहेको बैंक : नेपाल बैंक लिमिटेड, राजस्व खाता नं. : ००१०१००००००००१००१००१, कार्यालय कोड : ३०५०२३४०१, राजश्व शीर्षक : १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) ।

२। इच्छुक फर्मको हकमा नविकरण अद्यावधिक भएको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. ०७७/७८ को कर चुक्ता प्रमाणपत्र तथा मू.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा अन्य व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी संलग्न राखी यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।

३। बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतले हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको धरौटी खाता नं. ०१८०१०००००२००३००००००१ मा यस तालिम केन्द्रको नाममा जम्मा गरेको सक्कलै भौचर वा कम्तिमा ४५ (पैंतालिस) दिन म्याद भएको सक्कलै बैंक जमानत पेश गर्नु पर्नेछ ।

४। बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा बोलपत्रदाताको नाम,थर, ठेगाना, सम्पर्क नं. समेत खुलाई लाहाछाप लगाई सिलबन्दी गरी पेश गर्नु पर्नेछ । बोलपत्र फाराम्को प्रत्येक पानामा बोलपत्रदाताले सहिछाप गरेको हुनु पर्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र
ललितपुर
फोनः ०१५०१०३०६

५। कबोल रकम स्पष्ट रुपमा अंक र अक्षरमा खुलाई लेख्नु पर्नेछ । सच्याइएको वा केरमेट गरेको भए सही छाप समेत लगाएको हुनु पर्नेछ, अन्यथा उक्त बोलपत्रलाई मान्यता दिइने छैन ।

६। बोलपत्रदातालाई बोलपत्र स्वीकृतिको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र लिलाम सकार गरेका सम्पूर्ण सामानहरु उठाई लैजानु पर्नेछ ।

७। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन । साथै, रित नपुगी र म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

८। इच्छुक बोलपत्रदाताले कार्यालय समयभित्र लिलाम गरिने सामानको अवलोकन/निरीक्षण गर्न सक्नेछ ।

९। यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

२०६८।०८।२२
लेखा अधिकृत